परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष १२ ❑ अंक ३३ २०८० चैत १८ गते आईतवार Sunday 31, MAR 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## अग्नी पिडितहरूको लागि सहयोगी हातहरू थपिंदै, कोशी सरकार पनि पहल गर्दै

सुरेन्द्र मण्डल

विराटनगर । रंगेली नगर पालिका वाड नं ३ रनजनीको काजीमान चौक स्थित रहेको बाबु साहेब टोलका आगलागी पिडितहरुको सहयोगको लागि सहयोगी हातहरु थप्दै गएको छ भने कोशी प्रदेश सरकारका मुख्यमन्त्री केदार कार्कीले पनि स्थायी बसोवासको लागि पहल गरि रहेको वताएका छन् ।

बाबु साहेब टोलमा फागुन ३ गते शनिबार बिजुलीको तारबाट आगलागी हुँदा २८ घर परिवार घर विहिन भएका थिए । सन्थानल बस्तीका सुकुम्बासी हरुले दैनिकरुपमा गुजारा गरेर जीविकोपार्जन गर्दै आएका छन् । प्रत्यक्ष भेटका क्रममा मुख्यमन्त्री कार्कीले अब विपन्नले विपन्नमात्रै नभई सम्पन्न बन्ने अभियानमा लाग्नुपर्ने बताए ।



रंगेलीका अग्नी पिडितहरुसंग कुरा गर्दै, कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की ।

त्यसैगरी आगलागि पिडितहरुलाई खान लाउनका लागि खाद्यसामग्री लत्ताकपडा लगायतका सामग्रीहरु विभिन्न दाताहरुले गरि रहेका छन् । आगलागि पिडितहरुको सहयोगको लागि शनिबार दुहा कतारबाट 'नेपाल सन्थाल बचत समुह' द्वारा राहत सामग्री प्लास्पटिकको ठूलो आरी २८ थान, स्टीलको सानो अरी २८ थान, स्टीलको थाल ८४ थान, स्टिलको ग्लास ११२ थान, स्टीलको बटुका ११२ थान, चुलेसी २८ थान र नाङलो २८ थान गरी जम्मा ४२० थान किचेन सामग्री राज मुर्मूको समन्वयमा राहत सामग्री टंक ठकुरीलाई हस्तान्तरण गरिएको थियो ।

त्यसै कानेपोखरी गाउँपालिका होक्लाबारी विसनपुरका श्यामलाल सौरेन र मनोज सिलवालले आफ्नो गाउँटोलबाट संकलन गरिएको राहत सामग्री दाल, चामल, नुन, तेल र भाडा वर्तन एवम लत्ताकपडा समेत ठाकुरीलाई हस्तान्तरण गरिएको थियो ।

रंगेली नगरपालिकाका प्रमुख दिलीप अग्रवाल भारत भ्रमणमा रहेकोले आगलागि पिडितलाई राहत दिन पालिकावाट कुनै निर्णय हुनसकेको थिएन । भारत भ्रमणबाट आएपछि शुक्रवार प्रमुख अग्रवाल आगलागी

वांकी अन्तिम पेजमा...

## वडाकोभवनशिलान्यास, विद्यालयभवन उद्घाटन

धनकुटा । खानेपानी मन्त्री राजेन्द्र राईले धनकुटामा दुई वटा वडा कार्यालय भवन शिलान्यास र एउटा विद्यालय भवन उद्धाटन गरेका छन् ।

विभिन्न कार्यक्रममा सहभागि हुन गृहजिल्ला धनकुटा आइपुगेका मन्त्री राईले पाखीवास नगरपालिका वडा नं.३ र वडा नं.७ को वडा कार्यालय भवन शिलान्यास र सहिदभूमि गाउँपालिका-४ स्थित कन्या देवी माध्यमिक विद्यालयको भवन उद्धाटन गरेका हुन् ।

पाखीवास वडा नं.३ ले कालीमाटी र वडा नं.७ ले होक्से टोलमा वडा कार्यालय भवन निर्माण गर्न लागेको हो । शुक्रबार होक्से टोलस्थित भवन निर्माण स्थलमा इँटा राखेर मन्त्री राईले ७ नं. वडा कार्यालय भवन शिलान्यास गरे। ७५ लाखको लागतमा बनाउँन लागिएको सो भवन आगामी असार मसान्तभित्रमा निर्माण सम्पन्न गर्नेगरी भोजपुरको मिडहिल इन्फा स्टक्चर प्रा.लि.सँग सम्झौता भएको वडाध्यक्ष देवेन्द्र तामाङले जानकारी दिए । सो भवन निर्माण गर्न वडा सदस्य चन्द्रबहादुर तामाङले दुई रोपनी जग्गा निःशुल्क प्रदान गरेका छन् ।

७ नं.को वडा कार्यालय भवन शिलान्यास सकेर वडा नं.३ पुगेका मन्त्री राईले त्यहाँ पनि वडा कार्यालय भवन शिलान्यास गरे । स्थानीय हर्कबहादुर राईले निःशुल्क प्रदान गरेको दुई रोपनी क्षेत्रफलको जग्गामा ४४ लाख खर्च गरेर भवन बनाउँन लागिएको हो । आगामी असार १० गतेभित्र काम सक्ने गरी काठमाडौंको एमकेए ग्रुप प्रा.लि.ले भवन निर्माणको जिम्मा लिएको वडाध्यक्ष सरोज

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेशमा सिनेमा साक्षरता अभियान सम्पन्न्

**विवश गौतम**

विराटनगर । ओस्कार अन्तराष्ट्रिय कलेजले नेपाल भरिका ठूला दश शहरमा सिनेमा साक्षरता अभियान शुरु गरेको छ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सो कलेजले चैत्र १४, १५ र १६ गते क्रमश: झापाको विर्तामोड, कोशी प्रदेशको राजधानी विराटनगर र इटहरीमा सफलता साथ सम्पन्न भएको छ । विगत दुई दशकदेखि सिनेमा शिक्षा क्षेत्रमा निरन्तर योगदान गर्दै आएको स्नातक तह अध्ययन गराउने नेपालकै पहिलो कलेज हो ।

विर्तामोडमा एक सहभागीले भने "यस्तो शैक्षिक अभियानले दक्ष कलाकारहरू मात्र उत्पादन गर्दैन तर राम्रो दर्शक पनि पाउनुका साथै चलचित्रप्रति हेर्ने नक रात्मक दृष्टिकोण पनि परिवर्तन हुनेछ ।" अर्का सहभागीले भने "चलचित्र निर्माण गर्दाको दुःख तथा अप्ठ्यारो पक्षलाई दर्शकसामु उजागर गर्दै यसप्रतिको लगानी, मेहनत परिश्रमको कदर गर्न यस सिनेमा साक्षार अभियानले मद्दत पुग्नेछ ।"

"कार्यशालामा वास्तविक जीवनमा देखिएका चरित्रहरूको उदाहरण दिँदै घटना परिघटना जोड्दै हामी आफैले तत्कालै एउटा कथालाई कसरी पटकथामा रुपान्तरण गर्ने कुरा सिक्दैगर्दा र दृष्य पछाडिको सम्पूर्ण कार्यहरूको बारेमा बुझ्दैगर्दा चलचित्रकर्मीहरूप्रति एक प्रकारको श्रद्धा वा आदर जागेर आयो ।" भनेर एक सहभागीले आफ्नो बुझाइ व्यक्त गरे । अर्की सहभागी गेशिका श्रेष्ठले यो कार्यशाला निकै नै चाखलाग्दो र रोचक भएको बताइन् ।

वांकी अन्तिम पेजमा...






## अग्नी...

पीडित बस्तीमा गई सामूहिकरूपमा भेटघाट गर्दै भने हामी तपाईंको दुःख चिन्तालाई बुझ्छौ तपाईहरुको स्थायी बासको लागि पक्की घर निर्माण गर्ने सोची रहेका छौं तर घर बनाउने कहाँबाट त्यो समस्याले चिन्तत छौ ।

बाबु साहेब बस्ती भनेको बाबुसाहेबकै शाखा सन्तानको निजी जग्गामा उक्त सन्थाल परिवार वर्षौ देखि बस्दै आई रहेको थियो । हालसम्म जग्गा धनीबाट जग्गा खाली गर्न कुनै किसिमको करकाप नरहे पनि आगो लागेर घरहरू खरानी भए पश्चात उक्त जग्गा पूर्ण रूपले खाली भएको देखिन्छ ।

त्यसैले आगलागि पिडित को पक्की घर बनाउँदा जग्गा धनीसँग समन्वय नगरी घर बनाउन हुँदैन यदि पक्की घर नै बनाउने हो भने जग्गा धनीसंग समन्वय गरी वर्षौदेखि बसी रहेको सुकुम्बासीहरुकै नाममा जग्गा दर्ता गराई पक्की भवन बनाई दिन स्थानीयहरुको सुझाव छ ।

अग्नी पिडितहरुका समस्या कहिले सम्म समाधान हुन्छ भन्ने प्रश्नमा वर्षा शुरु हुनु अगावै बाबु साहेब बस्तीका पीडित परिवारलाई स्थायी घर बासको व्यवस्था गर्ने प्रमुख अग्रवालले प्रतिवद्धता जनाएको थिए ।

## कोशी...

रङ्गेली मुभीमा अभिनित नव कलाकार अभिषेक रोय पनि एभरेष्ट सेकेन्टरी स्कूल विराटनगरमा आयोजित सिनेमा साक्षरता अभियानमा सहभागी भएका थिए र उनले यस कार्यक्रमबाट आफूले सिकेको चलचित्र निर्माण एक गहिरो विषय भएको बताएका छन् । सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले भने "चलचित्र बडो मेहेनतका साथ निर्माण गरिन्छ । यसमा भएका सकरात्मक नकरात्मक पक्ष भन्दा पनि यसको भाव र यसले दिन खोजेको शिक्षा धेरै महत्वपूर्ण रहेछ ।" सबै सहभागीहरूले फिल्म साक्षरता अभियान विराटनगर जस्तो ऐतिहासिक शहरमा लिएर आएकोमा खुशी व्यक्त गर्दै ओष्कार अन्तराष्ट्रिय कलेजलाई धन्यवाद व्यक्त गरे ।

"यो एउटा चलचित्र निर्माण क्षेत्रका लागि साक्षारता अभियान हो र यस बारेमा पनि अध्ययनको खाँचो छ भनेर हामीले यो अभियान शुरु गरेका छौं । फिल्मको बारेमा मानिसहरूको बुझाइ गलत छ र त्यो बुझाइलाई सच्च्याउने यो एक अभ्यास हो । जसरी अध्ययनका लागि इन्जिनियरिङ्ग, व्यवस्थापन लगायतका अनेक विषयहरू छन् त्यसरी नै यस आर्ट फिल्डमा हुने सिनेमा शिक्षाभित्र पनि विविध विषयहरू छन् । सिनेमा पनि एक अध्ययनको विषय हो भनेर बुझाउन यो अभियान शुरु गरेका हौं ।" भनेर सिनेमा साक्षार अभियानका प्रबन्धक तथा कलेजका प्रशासकीय प्रमुख नविन न्यौपानेले भने ।

"अभियानका प्रबन्धक वा इभेन्ट मेन्टोर रुपमा भन्नुपर्दा सहाभागी धेरथोर भन्दा पनि विराटनगरको कार्यक्रममा जति जना उपस्थित भएर सिक्नुभयो त्यसमा एकदमै सन्तुष्टी मिलेको छ ।" भने । यो पहिलो पटक देशव्यापी रुपमा सिनेमा साक्षारता अभियान सञ्चालन गरिएको हो ।

विराटनगरमा न्युन सहभागी भएपनि क्वालिटी इभेन्ट भएको कुरा कलेजका प्रधानाध्यापक राजा राम दाहालले दाबी गरेका छन् । उनले भने "अहिले स्कूलहरूमा परीक्षा चलिरहँदा हामीले ठूलो समूह भन्दा पनि इभेन्टका लागि आवश्यक र रुची भएका सहभागीहरू पाएका छौं ।"

त्यसैगरी इटहरीमा सुष्मा गोदावरी कलेजमा सम्पन्न कार्यक्रममा प्रदिप श्रेष्ठले भने "ओस्कार कलेजले गरेको शिक्षाप्रतिको यो कार्य इतिहासमा नाम रहनेछ भन्ने विश्वास लिएको छु ।" प्रशान्त विश्वकर्माले भनिन् "मैले पहिले पनि सामान्य नाटकहरूको कक्षामा भाग लिंदै आइरहेकी थिएँ र पहिला सिकेका कुराहरू यहाँ नयाँ तरिकाले सिक्न पाएँ ।" "धेरै जना डाक्टर, इन्जिनियर बन्न र पैसा कमाउन होडबाजी गरे भैँ लागिरहेका छन् तर कलाको क्षेत्र यस्तो क्षेत्र हो, यसमा दाम पनि छ दाम पनि छ, यसमा जतिको अरु कुनै क्षेत्रमा पैसा छैन ।" भनेर लिओ जिल्ला परिषद्का सल्लाहकार युवराज काफ्लेले भने ।

विर्तामोडको कञ्चनजङ्गा अंग्रेजी माध्यमिक विद्यालयबाट शुरु भएको उक्त शैक्षिक अभियान आज जनकपुरको मोनास्टीक स्कूल/कलेज, भानु चौकमा हुँदैछ क्रमश: हेटौडा, नारायणगढ, बुटवल, घोराही, धनगडी र चैत्र २५ गते पोखरामा समापन हुनेछ ।

# घरेलु टिम सांग्रीला विजय

विराटनगर । आठौं संस्करणको विराट गोल्ड कप प्रतियोगिताको तेस्रो दिन शनिवार विराटनगरका उद्योगी राजेन्द्र राउतले लगानी गरेको घरेलु टिम सांग्रीला मोरङ फुटबल क्लबले भुटानको रोयल थिम्पु फुटबल क्लब (आरटिएफसी) लाई ३-२ गोलले परजीत गर्दै विजय भएका छन् ।

सांग्रीला अन्तिम चारको स्थान सुरक्षित गरेको छ । खेलको प्लेयर अफ द म्याच सांग्रीलाको महेन्द्र कार्की घोषित भए । उनले नगद ११ हजार रुपैयाँ प्राप्त गरका थिए ।

त्यसैगरी दोस्रो दिन शुक्रबार भएको रात्रीकालिन गोल्डकपमा विभागीय टिम त्रिभूवन आर्मी क्लबलाई २-० गोलले पराजित गर्दै एनआरटी क्वाटरफाइनलमा पुगेको थियो । प्लेरअफ द म्याच एनआरटीका आफिज ओलावाले घोषित भएका थिए । उनले नगद ११ हजार रुपैयाँ प्राप्त गरेका थिए ।

आठौ संस्करणको विराट गोल्ड कप फुटबल प्रतियोगितको प्रथम दिन विहीवारको खेलमा विभागीय टिम नेपाल पुलिस क्लललाई ३-० गोलले हराउँदै पाहुना टोली भुटानको रोयल थिम्पु फुटबल क्लब (आरटिएफसी) विजय भएका थिए । खेलको प्लेयर अफ द म्याच भुटानका किन्जाङ तेन्जिङ घोषित भएका थिए । उनले नगद ११ हजार रुपैयाँ प्राप्त गरेका थिए ।

## वडाको...

राईले जानकारी दिए ।

यसअघि मन्त्री राईले बिहीबार सहिदभूमिको कन्यादेवी माध्यमिक विद्यालयको नवनिर्मित छ कोठे पक्की भवन उद्घाटन गरेका थिए । विद्यालयमा आयोजित कार्यक्रममा उनले शिलालेखको पर्दा उघारेर भवन उद्घाटन गरे । ६७ लाखको लागतमा भवन बनाइएको हो । सो विद्यालयमा २६८ जना विद्यार्थी अध्ययनरत छन् ।

पाखीवास-३ को वडा कार्यालय भवन शिलान्यास कार्यक्रममा बोल्दै मन्त्री राईले अहिले गाउँ-गाउँमा विकासले गति लिदै गएको बताए । तीव्र गतिमा विकास गर्न सरकार लागिपरेको भन्दै मन्त्री राईले विकासलाई गति दिन सरकारमात्र नभएर जनताहरू पनि लागिपर्नुपर्ने धारणा राखे ।

पाखीवासको खानेपानी समस्या हल गर्न भुल्के खानेपानी आयोजना सफल पार्नुपर्ने आवश्यकता औंल्याउँदै मन्त्री राईले त्यसका लागि लागिपर्न जनप्रतिनिधिसहित सबैलाई आग्रह गरे । आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने उनको भनाई छ । खानेपानीको समस्या क्रमश हल गर्दै जाने भन्दै उनले धनकुटामा खानेपानीमा मात्र नभएर सडक स्तरोन्नति लगायत अन्य विकास निर्माणका काममा पनि पहल गर्ने बचन दिएका छन् ।

## हावाहुरीबाट जोगिनि उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल ढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका बस्तुहरू खुला तथा जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुबै हातले टाउको छोपी घोप्टो परौं,
- हावा हुरी चलेका समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंरक्षणगृहको रुपमा स्थापित गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।

## पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं ।

- सुरक्षित पानी पिऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं ।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं ।
- दिसा गएपछि, बच्चाको दिसा धोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं ।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछौऔ ।
- कुहिने तथा नकुहिने फोहोरलाई बर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं । घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर, मोरंग, कोशी प्रदेश

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### विराट गोल्डकपमा छैन रौनकता

"हाम्रो शान विराटनगरको पहिचान विराट गोल्डकप" भन्ने मुल नाराका साथ चैत १५ गते विराटनगरको शहिद मैदानमा शुरु भएको छ। विगतको वर्षका विराट गोल्डकप प्रतियोगित तामझाका साथ गरि रहेको थियो। तर यस वर्ष त्यस्तो रौनकथा देखिएको छैन। जसका कारण फुटबल हेर्ने दर्शकमा समेत कमी आएको छ। प्रतियोगिताको रौनकता घट्नुमा को दाषी ? भन्ने विषयले अहिले चर्चा पाएको छ। विराट गोल्ड कप फुटबलको मुख्य भुमिकामा रहेका विराट गोल्डकप फुटबल ट्रष्टले विराटनगरका उद्योगी व्यवसायी, संचार क्षेत्र, बुद्धिजीवीहरुलाई समेट्न नसकेकै कारण प्रतियोगितका रौनकता घटेको छ।

२०१८ सालबाट महेन्द्र गोल्डकपको नाममा आयोजना हुँदै आएको गोल्डकप २०६८ बाट विराट गोल्डकपमा परिवर्तन भएको थियो। विगतका प्रतियोगिताहरुमा उद्योगी व्यवसायीका सहभागीता भएको प्रतियोगिताहरुमा उल्लेख्य सहभागीता रहको थियो। गतवर्ष प्रतियोगिता गर्ने जिम्मा विरटनगर महानगरपालिकाका मेयर नागेश कोईरालालाई दिएको थियो। तर त्यसमा पनि सफलता हासिल गर्ने सकेनन् र उल्टै कोईराले करीब करोड ऋण भएका वताएका थिए। यस पटकको प्रतियोगितामा समूह 'ए' मा घरेलु टोली सांग्रिला मोरङ एफए, भुटानको रोयल थिम्पु एफसी, नेपाल पुलिस क्लब, सशस्त्र प्रहरी बलको टोली एएपिएफसी, चर्च ब्वाईज युनाइटेड, समूह 'बि' मा भारतको सिक्किम ड्रायगन्स, साउर्थन समिति कोलकाता, त्रिभूवन आर्मी फुटबल क्लब, न्यूरोड टिम, मच्छिन्द्र फुटबल क्लब खेलि रहेका छन्।

विराट गोल्डकप प्रतियोगितलाई समाबेशी बनाएर स्थानी उद्योगी व्यवसायी, संचारकर्मी, बुद्धिजीवी लगायत सबै क्षेत्रलाई समेटेर अगाडी बढ्न जरुरी छ। व्यापारीबाट प्रायोजक खोज्ने तर व्यापारीलाई नै गोल्डकपमा सहभागी नगराउने, प्रचार प्रसारको लागि पत्रकार खोज्ने तर विज्ञापन नदिने, कानून विपरीत लाखौ खर्च गरी आतीसवाजी गर्नेको कार्यहर रोकेर ट्रष्टलाई समावेशी बनाएर अगाडी बढेमा अगामी दिनमा प्रतियोगितामा रौनकता अवश्य थपिन्छ।

# एकताबद्ध कम्यूनिस्ट पार्टी, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख

**बिरेन्द्र बस्नेत**

पञ्चायत अन्त्य गरेर बहुदल ल्याउन हाम्रा पूर्वजहरूले गरेको संघर्ष हामीले गर्नु परेन। उनीहरूले गरेको लामो समयको भूमिगतकालीन आन्दोलनका फलस्वरूप मुलुकमा बहुदल आएको थियो। तर मुलुकले चाहेको परिवर्तनका निमित्त बहुदल काफी थिएन र परिवर्तनको राजनीति गर्नेहरू मध्येकै केही दल र नेताहरू जनतालाई थप स्वतन्त्र बनाउन चाहन्थे। त्यसैले 'जनयुद्ध'को तयारी गरे। जनयुद्ध हठात् भएको जस्तो देखिए पनि त्यसको थालनीका निमित्त विचारमा एक भएका चार दलहरूका बीचमा एकता भएको थियो।

शक्ति लम्सालको नेकपा जनमुखी, पुष्पकमल दाहालको नेकपा मशाल, निर्मल लामाको नेकपा चौम र रूपलाल विश्वकर्माको सर्वहारावादी श्रमिक संगठन एक भएर बनेको एकीकृत शक्तिले नै जनयुद्ध सम्भव भएको हो। जनयुद्धका लागि आधार तयार गरेको हो। अहिले हामी धेरथोर उपलब्धि सहित जसरी बाँचिरहेका छौं, यो परिवर्तनको आधार २०४६ सालपछि एकीकृत भएका यिनै चार दलहरू हुन्, एकताबद्ध माओवादी हो।

त्यही जनयुद्धको आधारमा बनेको नेपालको संविधानले समाजवाद उन्मुख सामाजिक व्यवस्थाको परिकल्पना गरेको छ, जुन संघीय लोकतान्त्रिक गणतन्त्रका लागि संघर्ष गरेका सम्पूर्ण राजनीतिक दलहरूको साझा प्रतिबद्धता हो। तर समाजवाद उन्मुख सामाजिक व्यवस्थाको अभ्यासमा जान नसक्दा ठूलो राजनीतिक संकट जन्मिएको छ। मुलुकमा संघीय गणतान्त्रिक लोकतन्त्र आएको १७ वर्ष बितिसक्दा पनि सरकारबाट जनताले अपेक्षा गरेअनुसार काम हुन नसकेको कुरा सत्य हो। सरकारले काम गर्न सकेन भन्नुको सोझो अर्थ राजनीतिक दलहरूले आफ्नो सक्षमता प्रदर्शन गर्न सकेनन् भन्ने नै हो।

गणतन्त्रका लागि संघर्ष गर्दै गर्दा देशमा नयाँ उद्योगधन्दा खुल्लान्, रोजगारी सिर्जना होला, सुशासन आउला, भ्रष्टाचार कम होला भन्ने जनताको ठूलो अपेक्षा थियो। कामै नभएको त होइन तर कुनै पनि ठाउँमा जनताले चाहेको गतिमा प्रगति हुन सकेन। यसले नागरिकमा निराशाको दर थप बढ्यो। जीवन धान्नका निमित्त गुजारा चलाउन जस्तोसुकै संघर्ष गर्न पनि नेपालीहरू बाध्य भए। त्यसैको फलस्वरूप रोजगारीको खोजीमा युवाहरू विदेशिने, भ्रष्टाचारजन्य गतिविधि, कर छली र अपराध कर्म बढिरहेको छ।

सही ढङ्गले नेतृत्व प्रदान गर्नुपर्ने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाभित्र अस्थिरताको चुनौतीपूर्ण पहाड हामीसँग छ यसले व्यवस्थामाथि नै नागरिकहरूको असन्तुष्टि बढ्दै गयो। यस्तै-यस्तै कारणहरूले नेपालको राजनीतिमा नयाँ चुनौती देखापरेको छ। यो चुनौती संगठनमा, राजनीतिक पार्टीहरूमा र सबै क्षेत्रमा छ।

हिजोको क्रान्तिकारी राजनीतिक शक्तिसँग दुईवटा विकल्पहरू छन्- पुराना शक्तिहरूसँग बसेर यथास्थितिवादी हुने वा नयाँ राजनीतिक कार्यभार पूरा गर्न अग्रगमनको बाटोमा लाग्ने ?

तर कुनै पनि परिवर्तन निश्चित समयका लागि हुन्छ। समय गुज्रिएपछि परिवर्तनले पनि परिवर्तन खोज्छ। यो समाज विकासको नियमै हो। माओवादीको नेतृत्वमा भएको दशवर्षे जनयुद्ध र सात राजनीतिक दलहरूको नेतृत्वमा भएको २०६२/६३ को जनआन्दोलनले राजतन्त्र फालेर गणतन्त्र ल्यायो। त्यो एउटा महान् परिवर्तन थियो। जनताले त्यो परिवर्तनको नेतृत्व गर्ने राजनीतिक दलहरूलाई त्यसको जस दिइसकेका छन्। सधैं त्यही परिवर्तनको नेतृत्व गरेको जस खोजेर बस्न पनि मिल्दैन। हामीले नयाँ संविधान ल्यायौं। संघीयता ल्यायौं। तर संघीयताको ठिक ढंगले कार्यान्वयन हुन नसक्दा नागरिकमा असन्तुष्टि बढेको छ।

यसको समाधान फेरि जनताका ताजा एजेन्डा बोकेर मात्रै गर्न सकिन्छ। त्यसका लागि विभिन्न हाँगामा बाँडिएका विचार मिल्ने राजनीतिक दलहरूको एउटै कार्यभार र उस्तै एजेन्डा हुन जरूरी छ। सके त एउटै कम्युनिस्ट छाताभित्र एकताबद्ध हुनुपर्छ नभए पनि जनताका एजेन्डामा सबै दलहरू एकताबद्ध हुनुपर्छ।

यसअघि पनि नेपाललाई सामन्तवादी व्यवस्थाबाट मुक्त गर्न जनयुद्धको कार्यक्रम अगाडि सारिएको थियो। तर जनयुद्ध सुरु गर्नुअघि विचार मिल्ने भिन्न-भिन्न चार पार्टीबीच एकता गरिएको थियो। त्यही एकताको परिणामस्वरूप २०५२ सालमा जनयुद्धको सुरुवात भयो। त्यसैको रापतापले आजको परिवर्तन सम्भव भएको हो।

२०४६ सालको परिवर्तन पछि संसद्को उपयोग गर्दै नयाँ संघर्षको रूपमा जनयुद्ध सुरु गरिएको ज्युँदो इतिहास हाम्रोसामु छ। ठिक त्यस्तै जनयुद्धपछि प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्रको उपयोग गरिरहेका छौं।

समय गतिमा हुन्छ। गतिले नयाँ परिस्थितिको सृजना गर्छ र उक्त परिस्थितिले नयाँ एजेन्डाको माग गर्छ। नयाँ एजेन्डाले फेरि परिस्थितिमा परिवर्तन ल्याउँछ। यो नै परिवर्तनको नियम हो।

समाजमा गतिका दृष्टिले तीन थरी मानिसहरू हुन्छन्- पश्चगामी, यथास्थितिवादी र अग्रगामी। नेपालमा भएका ठूला-ठूला क्रान्तिपछि पनि पुरानो शक्ति पूर्ण रूपले सकिएको छैन। त्यो शक्ति पश्चगामी राजनीतिको भूमिकामा छ। संघर्षको बेलाको क्रान्तिकारी शक्ति पनि विस्तारै यथास्थितिवादी शक्तिमा रूपान्तरण हुन्छ र परिवर्तनको नेतृत्व गर्ने नयाँ राजनीतिक शक्तिको खाँचो पर्छ। कहिलेकाहीं तत्कालीन क्रान्तिकारी शक्ति पुरानासँगै मिसिएर फेरि पश्चगामी शक्तिमा रूपान्तरण हुन्छ।

यस्तो राजनीतिक गोल चक्करमा नेपालको क्रान्तिकारी राजनीतिक शक्तिहरू पनि परेको कुरा सत्य हो। तर राजनीति सधैं यही गोल चक्करमा रहन सक्दैन। यसले निकासको खोजी गर्छ। अब हिजोको क्रान्तिकारी राजनीतिक शक्तिसँग दुईवटा विकल्पहरू छन्- पुराना शक्तिहरूसँग बसेर यथास्थितिवादी हुने वा नयाँ राजनीतिक

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ। यूवायूवतीहरुको** लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरूवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालिय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# कृषि उत्पादनको कृषि मुल्य सूचना प्रणाली सार्वजनिक

विराटनगर । कोशी प्रदेश सरकार, उद्योग, कृषि तथा सहकारी मन्त्रालयले ल्याएको कृषि मूल्य सूचना प्रणालीको उद्योग, कृषि तथा सहकारी मन्त्री रामकुमार खत्रीले एक कार्यक्रमका बीच सार्वजनिक गरेका छन् ।

कृषि मूल्य सूचना प्रणाली कार्यक्रमका प्रमुख अतिथी उद्योग, कृषि तथा सहकारी मन्त्री रामकुमार खत्रीले रयल टाइमको मूल्यका बारेमा जानकारी नपाउँदा किसानले वस्तुको उचित मूल्य पाउन नसकिरहेको विद्यमान अवस्था हटाउन यो प्रणालीको भरपुर सदुपयोग गर्नुपर्ने भन्दै तीन तहका सरकारहरु मिलेर किसानहरुलाई उचित सूचना, मल, बिउ, तथा परामर्श आदि सेवाहरु दिँदै कृषि उत्पादन बढाउन लाग्नु पर्नेमा वताए ।

कोशी प्रदेशको कुल गार्हस्थ उत्पादनको ३३ प्रतिशत हिस्सा ओगट्ने कृषि क्षेत्रको सवलीकरण, व्यवसायीकरण र कपक, व्यवसायी देखि उपभोक्तासम्मको हितलाई ध्यानमा राखी 'कृषि मूल्य सूचना प्रणाली' सञ्चालनमा ल्याइएको छ । यस सूचना प्रणालीबाट साना तथा ठूला कक्षक, ठूला लगानीमा सञ्चालित कृषि फर्म, व्यापारी, तथा प्रशोधनकर्ताहरु लाभान्वित हुन सक्ने मन्त्रालयका वरिष्ठ कृषि विकास अधिकृत पशुपति पोखरेलले बताएरु।

कोशी प्रदेशका तीन ठूला कृषि बजारहरु बिर्तामोड, धरान र इनरुवाको थोक तथा खुद्रा मूल्य समावेश गरिएका छन्रु। तर प्रदेशको राजधानी सहर विराटनगरको कृषि बजार भने मूल्य सूचना प्रणालीमा समावेश भएको छैनरु। विराटनगर कृषि थोक तथा खुद्रा बजार व्यवस्थापन समितिले आधि कारिकरुपमा वस्तुको मूल्य संकलन गर्ने परिपाटी विकास नगरेका कारण कृषि मूल्य प्रणालीमा समावेश गर्न नसकेको अधिकृत पोखरेलले जानकारी गराए । विराटनगर महानगर पालिकासँग समन्वय गरेर बजार व्यवस्थापन समितिलाई व्यवस्थित गरी सूचना प्रणालीमा समावेश गर्न समन्वय गर्ने मन्त्रालयले जानकारी दिएको छरु।

सूचना प्रणालीमा कोशी प्रदेशका तीन ठूला कृषि बजारहरु, कृषि बजार व्यवस्थापन समिति धरान, कृषि बजार व्यवस्थापन समिति बिर्तामोड, कृषि बजार व्यवस्थापन समिति इनरुवा, पालिका स्तरीय कृषि बजारहरुमा सगरमाथा क्षि थोक बजार गाईघाट, कृषि तथा पशुपन्छी बजार दुहवी, दमक न.पा.को नयां सब्जी बजार, र जाल्पादेवि कृषि उपज संकलन केन्द्र, धनकुटा आवद्ध छन् । आगामी दिनहरुमा कोशी प्रदेशमा संचालनमा रहेका सार्व जनिक तथा नीजी बजार हरुलाइ समेत यस प्रणालीमा समावेश गरिदै लगिनेछ । यस मूल्य सूचना प्रणालीमा कोशी प्रदेश बाहिरका कृषि थोक बजारहरुमा बुटवल, पोखरा र काठमाडौंका कृषि थोक बजारहरुको मूल्य सूचना समेत हेर्न सकिने व्यवस्था समेत गर्ने भएको छ ।

यस प्रणालीमा उल्लेखित कृषि उपजहरुको मूल्य सूचना दैनिक रुपमा अद्यावधिक गर्ने कार्य भइरहेको छ । दैनिक मूल्य सूची अद्यावधिक गर्ने कार्य सम्बन्धित कृषि बजारका सूचना सङ्कलकले मोवाइल एप्लिकेशनको प्रयोग गरी यस प्रणालिमा पठाउने गर्दछन् । हरेक दिनको कृषि उपजको मूल्य सामान्यतः विहान ७ देखि ११ बजेभित्र अद्यावधिक गरिनेछ । यस प्रणालीमा मोवाईल एप्स र कम्प्युटर दुबैबाट मूल्य अद्यावधिक गर्न सकिन्छ ।

तथ्याङ्क सङ्कलकले अद्या वधिक गरेको सो मूल्य सूचना यस प्रणालिमा पठाउनु अगाडि सम्बन्धित बजारले नै पून: प्रमाणीकरण गर्दछन्। साथै कुनै तथ्याङ्क संशोधन वा परिमार्जन गर्नुपर्ने भएमा सो कार्य यस मन्त्रालयले गर्दछ । त्यसैले यस मूल्य सूचना प्रणालीमा रहेका तथ्यान आधिकारिक र विश्वासनीय हुन्छन् ।

आर्थिक वर्ष २०७९/८० को भाद्र देखि सुरु गरिएको यस सूचना प्रणालीबाट बिगतमा कुन समयमा कुन बालीको बजार मूल्य कति रहेको थियो भन्ने जानकारी पनि प्राप्त गर्न सकिन्छ, उक्त सूचनाको माध्यमवाट कृषकले बाली लगाउने समयमा नै कुन बाली, कहिले र कति परिमाणमा लगाउने योजना निर्माण समेत गर्न सक्छन् । फलस्वरुप कृषकले उपयुक्त बजार मूल्य प्राप्त गर्न सक्छन्, भने तीनै तहका सरकारहरु लाई कृषि उपजको उत्पादन र बजारिकरण सम्बन्धि समयानुकूल उपयुक्त नीति तथा कार्यक्रम निर्माण गर्न समेत सहयोग मिल्दछ ।

किसान र वजारका साथै कृषि क्षेत्रमा अनुसन्धान गर्न चाहनेहरुलाई समेत यो प्रणालीले पर्याप्त सूचना उपलब्ध गराउने विश्वास लिइएको छ ।

सबैभन्दा मूल्य घटबढ हुने बस्तहरु के के छैन भन्ने बारमा बिवरणहरु प्रविष्ट गर्न सकिन व्यवस्था समेत गोकीले विष्यमा ती विवरणहरु समेत प्रणालीमा समावेश भए पश्चात अध्ययन, अनुसन्धान, नीति तथा कार्यक्रम निमाणका लागि यो पणानी उपयोगी छ। यस प्रणालीमा रहेको व्यवस्था अनुसार तथ्याङहरु प्रविष्टी भए पश्चात विभिन्न कृषि बजारहरुको विगत र वर्तमानको मृत्य सूचनाको आधारमा वस्तुहरुको बजार प्रवृत्ति :बचपभत त्चभलम) अनुसार उत्पादन योजना तयार गर्न सहज हुनेछ । यस प्रणालीमा प्रविष्ट भएका बजार सम्बन्धित तथ्याङ्कहरु अभि लेखित भई नविष्यमा योजना र नीति निर्माणमा समेत सहयोग पुग्नेछ ।

सूचना प्रणालीले केंवल मूल्यको जानकारी दिने मात्र नभएर उत्पादकलाई व्यापारी हरु तथा ग्राहकहरु संग जोड्ने काम पनि गर्नेछ । कृषि उपजको मूल्यसँगै यी बजार हरुमा कृषि उपजहरुको खरिद विक्री गर्ने व्यापारीहरुको नाम र फोन नम्बर सहितको विवरण यस प्रणालीमा राखिएकाले उत्पादकहरुले सिधै व्यापारीसंग समन्वय गरी आफना उत्पादनलाई बिक्री गर्न सक्दछन् । यस प्रणालीमा भएको 'किसानको बजार' खण्डमा किसानहरुले एस एम.एस सेवा प्रयोग गरेर आफना विभिन्न उत्पादनहरु विक्रिका लागि खुल्ला राख्न सक्दछन् ।

सामान खरिद गर्न चाहने व्यापारी वा उपभोक्ताले सिधै उत्पादकलाई फोन मार्फत सम्पर्क गर्न सक्छन । यो सूचना प्रणालीले समग्र कृषि बजार प्रणालीलाई थप व्यवस्थित र पारदर्शी गराउनुका साथै बजारको तहहरुलाई कम गर्न मद्दत गर्ने हुँदा उत्पादकले तुलनात्मक रुपमा उचित मूल्य प्राप्त गर्न सहयोग पुग्नुका साथै उपभोक्ताले समेत सुलभ मूल्यमा कृषि उपज खरिद गर्न सक्ने मन्त्रालयले विश्वास लिएको छ ।

मन्त्रालयका सचिव लेखराज दाहालले कृषि सूचना प्रणालीलाई निरन्तरता दिँदै परिस्कृत गर्दै लगिने प्रतिबद्धता व्यक्त गरेरु। यसको लाभ सबैभन्दा बढी व्यापारीले र त्यसपछि किसानले लिनुपर्ने उनको भनाइ थियोरु।

स्थानीय तहका प्रमुख हरुको पनि उल्लेख्य उपस्थिति रहेको कार्यक्रममा अर्जुनधारा नगरपालिकाका अध्यक्ष बलदेवसिंह गोम्देन तामाङले कृषि उत्पादनमा लाग्ने युवाहरु नहुँदा जमिन बाँझिन थालेको अवस्थामा किसान लाई सहयोग पुग्ने र कृषि कर्म गर्दा आत्मसम्मन र स्वाभिमान उँचो बनाउने खालका कार्यक्रम जरुरी रहेको बताएरु। कार्यक्रममा धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङ, कन्काई नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेल लगायतले कृषि मूल्य सूचना प्रणालीलाई प्रभावकारी बनाउन सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।


सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्होरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश


# बेतौनाका विपन्न परिवारलाई परेवा वितराण



विराटनगर । जीवन विकास लघुवित्त वित्तीय संस्थाले नौं परिवारलाई बिउ पूँजी स्वरुप दश जोडका दरले ९० जोड परेवा प्रदान गरेको छ । बिहीबार परम्परागत सीप मार्फत उद्यमशीलता विकास का लागि धनपालथान गाउँपालिका-३ बेतौनाका नौं अति विपन्न परिवारलाई दश जोडका दरले ९० जोड परेवा प्रदान गरेको हो ।

मोरङ क्षेत्र नम्बर ५ का प्रतिनिधिसभा सांसद योगेन्द्र मण्डलले अति विपन्न परिवार लाई परेवाको बच्चा हस्तान्त्रण गरे । विपन्न परिवारलाई परेवा हस्तान्त्रण गर्दै सांसद मण्डलले परेवा पालनलाई उद्योगको रुपमा विकास गर्न आग्रह गरे । एक सय जोड परेवा पाल्दा मासिक ४५ हजारसम्म आम्दानी हुने बताउँदै उनले भने,' यो दश जोड परेवालाई बीउ पूँजी मानेर उद्योगको रुपमा विस्तार गर्नुहोला ।'

विपन्न परिवारको आर्थिक हैसियत उकास्ने मुख्य आधार उद्यमशीलता नै भएको बताउँदै उनले थोरै लगानीमा उद्यम शीलता विकासको आधार तयार हुने भएकाले विपन्न परिवारका लागि परेवा पालन व्यवसाय फलदायी हुने बताए ।

व्यवसायीक रुपमा परेवा पालनबाट राम्रो आम्दानी हुने भएकाले आफ्ना क्षेत्रका अन्य जनतालाई पनि पालनका लागि प्रोत्साहन गरिरहेको उनले बताए ।' थोरै लगानीमा नियमित र राम्रो आम्दानी परेवा पालनबाट हुन्छ,'उनले भने,' बिक्रीका लागि बजारको समस्या छैन ।' सांसद मण्डलले विपन्न परिवारलाई आत्मनिर्भर बनाउनका लागि यसअघि परेवा वितरण सुरु गरेका थिए ।

लघुवित्तले नमुना गाउँ बनाउने घोषणा गरेको बेतौनाका अति विपन्न परिवारलाई परेवा हस्तान्त्रण गरेको हो ।

लघुवित्तले धनपालथान गाउँपालिका- ३ र ४ मा पर्ने बेतौनालाई इको भिलेज बनाउने अभियान अन्तरगत काम गरिरहेको छ । सोही अभियान अन्तरगत अति विपन्न परिवारलाई परेवा बिउ पूँजी प्रदान गरिएको लघुवित्तका उद्यमशीलता विकास प्रमुख मनोजकुमार शर्माले बताए ।

विपन्न परिवारलाई परेवा हस्तान्त्रण गर्नुअघि लघुवित्तले परेवाको खोर निर्माण गर्न लगाएको थियो । पहिलो चरणमा खोर निर्माण गरेका नौं परिवारलाई परेवा हस्तान्त्रण गरेको उनले बताए ।

परम्परागत सीप मार्फत उद्यमशीलता विकासका लागि पाएको परेवा संरक्षणका लागि परिवारले चासो दिनुपर्ने लघुवित्तका जोखिम व्यवस्था पन विभाग प्रमुख शिवकुमार रामले बताए । स्थानीय आफै सचेत भएमात्रै परेवा व्यवसाय फस्टाउने बताए ।

स्थानीय धामो आधारभूत विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद मण्डलले गाउँका अतिपन्न परिवारले परेवा पालन विस्तार गरे आफ्नौ आर्थिक हैसियत उकास्न सक्ने बताए । लघुवित्तका कर्सीया शाखा प्रमुख गायत्री पोखरेलले उद्यमशीलता विकासका लागि प्रदान गरिएको परेवा पालनको अवस्थाका बारेमा लघुवित्तले अनुगमन गर्ने बताए ।


कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो ध्यानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

क्राईम अपरेशन साप्ताहिक

# दृष्टि विशेषज्ञा कोशी प्रदेशद्धारा विश्व दृष्टि विशेषज्ञ दिवस सम्पन्न

विराटनगर । दृष्टि विशेषज्ञ संघ कोशी प्रदेशले विश्व दृष्टि विशेष दिवसको अवसर पारेर विभिन्न कार्यक्रमहरुको आयोजना गरी सम्पन्न गरेका छन् ।




विश्वभरीका वृष्टि विशेषज्ञ हरुले मार्च २३ का दिनलाई दृष्टि विशेष दिवसको रुपमा मनाई राख्दा बिराटनगरमा पनि विभिन्न आँखा स्वास्थ्य सेवाको जनचेतना मूनक नाराका साथ करिब १५० जनाको सहभागिता मा शनिवार र्‍याली प्रदर्शन गरेका थिए ।

र्‍याली विराटनगरको महेन्द्र चौक, काली मन्दिर, बिजुली अफिस, शनि मन्दिर हुँदै महेन्द्र चौकमा समाप्त गरिएको थियो । आँखाको नियमित परिक्षण गराउँ, आँखा रोगबाट टाढा बनौं, दिनको २ घण्टा नानीबाबु हरुलाई घर बाहिर खेलाउँ, २०५० सम्ममा हुने दृष्टि दोषको महामारीबाट बचौ जस्ता जनचेतनामूलक नारा लगाउँदै दृष्टि विशेषज्ञले नगर परिक्रमा गरेका थिए । कार्यक्रममा दृष्टि विशेषज्ञका साथै नेत्र रोग निशेषज्ञ तथा नेत्र सहायक तथा विर्तामोर्ड जन समुदायको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि नेत्र रोग विशेषज्ञ डा. प्रमोद गौतमले दृष्टिविशेषज्ञ आँखा स्वास्थ्य सेवाको तिन स्तम्ब मध्ये एक स्तम्भको रुपमा रहेका तथा प्राय : जसो आँखा समस्याको प्रथम सेवा बिन्दु दृष्टि विशेषज्ञहरुले आफ्नो दायित्वहरु बुझ्नुपर्ने, उपचार का क्रममा आफ्नो अधिकार क्षेत्रका दायरा हरुलाई निश्चित गरी आँखा स्वास्थ्य सेवाका अन्य प्राविधिक तथा नेत्र रोग विशेषज्ञ संग सहकार्य गरी अगाडि बढनुपर्ने सुझाव दिएका थिए ।

उक्त कार्यक्रम दृष्टि विशेषज्ञ संघ कोशी प्रदेशका अध्यक्ष अजित कुमार ठाकुरले दृष्टि विशेषज्ञहरुले आफूले गर्ने सेवा प्रति समर्पित हुन अग्रसर गर्दै चिकित्सा सेवा अध्ययन शिल सेवा भएकोले हामी सबैले यस क्षेत्रमा भईरहने नयाँ शोधहरुलाई नियमित अध्ययन गर्नुपर्ने र यसले बिरामी सेवामा हाम्रो गुणस्तर बढाउने भन्दै दृष्टि निशेषज्ञहरुलाई आँखा अस्पतालरुमा सिप विकासको तालिम पनि गराउन अनुरोध गरी सम्पूर्ण सहभागीहरुलाई धन्यवाद दिदै कार्यक्रम सम्पन्न गरेका थिए ।

# दश ठूलो शहरमा सिनेमा सक्षरता अभियान

**सुरेन्द्र मण्डल**

रंगेली । ओस्कार अन्तराष्ट्रिय कलेजले नेपाल भरिका दश ठूलो शहरमा सिनेमा साक्षरता अभियान चलाउने भएको छ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नेपालकै पहिलो कलेज विगत दुई दशकदेखि सिनेमा शिक्षा क्षेत्रमा निरन्तर योगदान गर्दै आएको स्नातक तह अध्ययन गराउने कलेज हो ।

अभियान अन्तर्गत पूर्व मेची देखि पश्चिम महाकाली सम्मका प्रमुख दश शहरहरुमा बिर्तामोड, बिराटनगर, ईटहरी, जनकपुर, हेटौंडा, चितवन, बुटवल, दाङ, धनगढी र पोखरा संचालन हुने ओस्कार इन्टरनेसनल कलेज का प्रशासकीय प्रमुख नविन न्यौपानेले बताए ।

चैत १४ गते बिर्तामोड झापाबाट अभियानको शुरुवात भई चैत्र २५ गते पोखरामा समापन हुनेछ ।

प्लस टु सकेर स्तानातक तहमा अध्ययन गर्ने सोचिरहेका विद्यार्थीहरुलाई लक्षित गरि एक शहरमा एक दिने कार्यशाला मार्फत सिनेमा सम्बन्धी प्रश्नोत्तर, अभिनयका अभ्यासहरू, सिनेमा इतिहास, चरित्रबारे जानकारी जानकारी गराउने छन् ।

कार्यशालामा वास्तविक जीवनमा देखिएका चरित्रहरूको उदाहरण दिँदै घटना परिघटना जोड्दै सहभागी विद्यार्थीहरूले तत्कालै एउटा कथालाई कसरी पटकथामा रुपान्तरण गर्ने कुरा पनि सिकाइने छन् । कागजमा लेखिएका कुरालाई कसरी श्रव्यदृश्यमा परिणत गर्ने भनेर त्यहीँ प्रयोगात्मक अभ्यास पनि गरिने प्राध्यापक राजाराम दाहालले बताए ।

कार्यक्रममा कलेजबाट दीक्षित र पढिरहेका विद्यार्थी गरी दुई जनाको फिल्मसमेत देखाइने छ । भविष्यमा यूवा पुस्ता असल फिल्ममेकर, समीक्षक वा प्रशिक्षक हुने भएकोले पनि पुस्तालाई लक्षित संचालन गरीएको अभियानले सिनेमा प्रति हुटहटी जगाउने आयोजकको अपेक्षा छ ।

सिनेमा विज्ञद्वारा विद्यार्थीलाई सिनेमाप्रति जागरुक र जिम्मेवार बनाउने अपेक्षाका साथ नयाँ पुस्तालाई सिनेमा सम्बन्धी आधारभूत जानकारी दिने र उनीहरुमा सिनेमाप्रति रुचि जगाउने उद्देश्यले अभियान संचालन गरिएको भन्दै सिनेमाका धेरै गतिविधि काठमाडौं केन्द्रित भएकोले काठमाडौं बाहिर यस्ता कार्यक्रमको खाँचो महसुस गरेर अभियान संचालन गर्न लागेको दहालले वताए ।

उक्त अभियान विराटनगरमा चैत्र १५ गते कृषि भवनको पछाडि रहेको एभरेस्ट सेकेण्डरी स्कूलमा ११ बजेदेखि सुरु भई ४ बजेसम्म संचालन हुने न्यौपानेले जानकारी गराए ।




# धनकुटामा कोशी प्रदेश राजधानीको झल्को

धनकुटा । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीको नेतृत्वमा धनकुटा स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सम्पर्क कार्यालयमा पहिलो पटक बसेको मन्त्रिपरिषद को बैठकले धनकुटा वासी हर्षित भएका छन् ।

संविधानसभाका सदस्य समेत रहेका मनोहर नारायण श्रेष्ठले धनकुटा व्यवहारमै प्रदेशको राजधानीको महसुस भएको भन्दै खुसीव्यक्त गरेका थिए । बृहत् विराट क्षेत्रको अवधारणा अनुसार प्रदेशको राजधानी विराटनगर घोषणा गरे पनि त्यसको प्रत्याभूत नभइरहेका बेला मुख्यमन्त्री कार्कीको नेतृत्वमा पहिलो पटक मङ्गलवार धनकुटामा मन्त्रि परिषद् बैठक बसेको थियो ।

२०७६ साल वैशाख २९ गते तत्कालीन मुख्यमन्त्री शेरधन राईले सम्पर्क कार्यालयको उद्घाटन गर्दै मन्त्रिपरिषद्को बैठक बस्ने र महत्त्वपूर्ण निर्णय गरिने जनाए पनि उक्त कार्यालयमा बैठक भने बसेको थिएन । मुख्यमन्त्री कार्कीले मुख्यमन्त्री नियुक्त भएसँगै धनकुटामा रहेको सम्पर्क कार्यालयबाट पनि जनताको काम गर्ने प्रतिबद्धता जनाएका थिए ।

जसअनुसार अरू विविध कार्यक्रमका साथ मुख्यमन्त्री धनकुटा पुगेका थिए । मुख्यमन्त्री कार्कीले सम्पर्क कार्यालयमा अब नियमित रूपमा सञ्चालन भई बैठक बस्ने समेत बताएका थिए ।

यस्ताछन् धनकुटामा बसेको पहिलो मन्त्रिपरिषद् बैठकका निर्णयहरू :

- स्वदेशी उत्पादन तथा उपभोगलाई प्रोत्साहन गर्दै प्रदेशका अर्थतन्त्रलाई मजबुत बनाउन प्रदेशका सबै सार्वजनिक निकायले स्वदेशी तथा विदजेशी पाहुनाहरुलाई कोसेलीका रुपमा केही बस्तुहरु दिनु पर्दा, कार्यक्रममा प्रमुख अतिथी र अथितिहरुलाई मायाको चिना प्रदान गर्दा र कर्मचारीको स्वागत तथा विदाइ गर्दा प्रदान गरिने उपहार प्रदेश भित्रै उत्पादन भएका बस्तु हुनु पर्ने ।
- खुवालुङलाई धार्मिक तथा सांस्कृतिक पर्यटनको रुपमा विकास गर्ने ।
- मन्त्रिपरिषद्को बैठक महिनाको एक पटक धनकुटामा बस्ने ।

मुख्यमन्त्रीकार्यालयको सम्पर्क कार्यालयमै प्रदेश लगानी प्राधिकरणको बोर्ड बैठक पनि बसेको छ । बैठकले आगामी जेठ ७, ८ र ९ गते विश्व चिया सम्मेलन गर्ने निर्णय गर्दै त्यसको लागि निर्देशक समिति गठन गरेको छ ।

बोर्डका प्रमुखकार्यकारी अधिकृत डा. सरोज कोइरालाका अनुसार बैठकले धनकुटाको भेडेटारमा निर्माण भएको स्काई वाकको राजश्व बाँडफाँडको लागि प्रदेश सरकार, धरान उपमहानगरपालिका र साँघुरीगढी गाउँपालिकाको प्रतिनिधि रहेको समिति समेत गठन गरेर प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ ।

मुख्यमन्त्री कार्कीले सोही क्रममा धनकुटामा रहेका सरकारी निकायका प्रतिनिधिलाई जनताका चाहाना अनुसारको काम गर्न निर्देशन समेत दिएका छन् । मुख्यमन्त्री कार्कीले आउँदो ६ महिना भित्र धनकुटा औद्योगिक ग्राम पूर्णरुपमा सञ्चालनमा आउने गरी खाका १५ दिन भित्र तयार गरेर ल्याउन निर्देशन दिएका थिए ।

ग्राम स्थापनाको ५ वर्ष बिति सक्दा समेत पूर्णरुपमा सञ्चालनमा आउन सकिरहेको थिएन । मुख्य मन्त्री कार्कीले भने, 'यस क्षेत्रको स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना भएपछि मात्रै यो क्षेत्रका बासिन्दा लाभान्वित हुन सक्छन् ।'

सोही क्रममा महिला स्वास्थ्य स्वयं सेविकाले धनकुटामा मुख्यमन्त्री कार्कीलाई स्वागत गरेका छन् । महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहनका साथै सम्मान गरेर प्रदेश सरकारले उदाहरणीय काम गरेको भन्दै सम्मान गरिएको थियो । महिला स्वास्थ्य स्वयं सेविकाले आफूहरूका समस्या दीर्घकालीन रूपमा समाधान गर्न मुख्यमन्त्री कार्की समक्ष आग्रह गरेका थिए । संचार कर्मीहरुसंगको छलफलमा मुख्यमन्त्री कार्कीले पहाडी क्षेत्रको विकास गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

मुख्यमन्त्री कार्कीले मुख्यमन्त्री कार्कीद्वारा अन्तर्राष्ट्रिय प्रतियोगितामा विजेता कोशी प्रदेशका खेलाडी र प्रशिक्षकलाई पुरस्कृत, प्रदेश योजना आयोगको योजना तर्जुमा सुझाव सङ्कलन, राजनीतिक तथा स्थानीय बुद्धिजीवीसँग सुझाव सङ्कलनका साथै सहिद भीमनारायण श्रेष्ठकी धर्मपत्नी लक्ष्मी देवी श्रेष्ठसँग आशीर्वादलिई विराटनगर फर्किएका थिए ।

# छारेरोग सम्बन्धी निबन्ध प्रतियोगितामा आर्दशका श्रेय प्रथम




विराटनगर । विराटनगर स्थित न्यूरो कार्डियो एण्ड मल्टिस्पेसियलिटी हस्पिटलले अंग्रेजी माध्यममा छारेरोग सम्बन्धी गरिएको निवन्ध प्रतियोगितामा आर्दश माध्यमिक विद्यालयको कक्षा ९ मा अध्ययन रता छात्र श्रेय शर्मा प्रथम भएको छ ।

शुक्रबार 'वर्ल्ड पर्पल डे' को अवसरमा पारेर छारेरोग सम्बन्धी अग्रेजी माध्यमको निबन्ध प्रतियोगिता आयोजना गरिएको थियो । उक्त प्रतियोगितामा द्बितीय दिल्ली पब्लिक स्कल कक्षा ९ की श्रुती यादव र तृतीय मेरिल्याण्ड कलेजका कक्षा ११ की सेमान्तीका पराजुली भएका थिए ।

उनीहरुलाई न्यूरो अस्पताल का अध्यक्ष तथा वरिष्ठ विशेषज्ञ न्यूरोलोजिष्ट डा. वीरेन्द्र कुमार विष्ट, एनसीएलका प्रतिनिधी अमर भट्टचार्यले पुरस्कार वितरण गरेका थिए ।

'वर्ल्ड पर्पल डे' मनाउनको लागि न्यूरोले एनसेलसँग सहकार्य गरेको छ । प्रत्येक एक सय जनामा एक जनामा छारे रोग लाग्ने गरेको विभिन्न तथ्यांकहरुले देखाएको छ । हस्पिटल स्थापना भएपछि न्यूरोमा हालसम्म २५ हजारभन्दा बढी छारे रोगका बिरामीको सफल उपचार गरेको अस्पतालले जानकारी दिएको छ । अहिले पनि करिब ३ हजार बिरामी नियमित उपचारको क्रममा रहेका छन् । न्यूरोमा छारे रोगको उपचारको लागि भरपर्दो रहेको न्यूरो अस्पतालका अध्यक्ष तथा वरिष्ठ विशेषज्ञ न्यूरोलोजिष्ट डा. वीरेन्द्र कुमार विष्टले बताए ।

मंगलबार विहान न्यूरोले प्रभातफेरी निकालेको हो । न्यूरो अस्पतालबाट सुरु भएको प्रभातफेरी नगरको विभिन्न भाग परिक्रमा गरेर सोही ठाउँमा आएर सम्पन्न भएको थियो । प्रभातफेरीमा सहभागीहरुले 'समयमा नै उपचार गरौं, छारेरोगबाट मुक्त हौं', 'अन्धविश्वसलाई हटाऊ, सबैमा जनचेतना जगाऊ', 'छारे रोग रोग होइन, यो नशा रोगको लक्षण हो', 'छारे रोगबारे घर–घर टोल–टोलमा कुरा गरौं, अन्ध विश्वासलाई हटाऊ', 'सबैमा जनचेतना जोगाऊ' भन्ने मुख्य नारासहित प्लेकार्ड बोकेका थिए । प्रभातफेरीमा चिकित्सक, स्वास्थ्यकर्मी, अस्पतालका कर्मचारी र सर्वसाधारणहरुको उपस्थिती रहेको थियो ।

## एकताबद्ध...

कार्यभार पूरा गर्न अग्रगमनको बाटोमा लाग्ने ?

कुन बाटो हिंड्ने भन्ने कुरा पहिचान गर्न अलिकति इतिहासतिर पनि फर्कनुपर्ने हुन्छ । अग्रजहरूको ठूलो बलिदानबाट २००७ सालको परिवर्तन भएको थियो । पछि कांग्रेसले गलत बाटो लिंदा २०१७ सालमा महेन्द्रले राजनीतिक 'कु' गरेका थिए ।

थुप्रै संघर्षपछि नयाँ परिवर्तनका लागि २०४६ पर्खिनुपर्यो । त्यसपछि एमाले र कांग्रेसले गलत बाटो लिंदा नेपाली जनताले जनयुद्ध लड्नुपर्यो । यी सम्पूर्ण राजनीतिक घटनाहरू लाई मसिनो गरी अध्ययन गरेर अब माओवादीले कुन बाटो हिंड्ने फैसला गर्नुपर्ने बेला आएको छ । अब माओवादीले गल्ती गर्ने हो भने २०१७ साल दोहोरिन सक्छ र नेपाली जनताले उही दुःख भोग्नुपर्ने हुन्छ ।

त्यसैले अब विगतको झैं फोहोरी राजनीतिको आहालमा डुबुल्की मारेर अस्थिरताको चाङमाथिबाट जनताको समृद्धिको चाहना पूरा हुन सक्दैन । अहिले यो व्यवस्था तीव्र संकटबाट गुज्रिएको छ । यो संकटबाट मुलुकलाई बाहिर निकाल्ने प्रमुख दायित्व कम्युनिस्ट पार्टीहरूकै हो । किनभने यो परिवर्तन कम्युनिस्ट पार्टीहरूकै नेतृत्वमा भएको हो ।

नेपाललाई यति धेरै विभाजित कम्युनिस्ट पार्टी चाहिएको छैन । तर एउटै कम्युनिस्ट पार्टी भनेर मात्रै पुग्दैन । समय सुहाउँदो जनताको एजेन्डा बोक्ने कम्युनिस्ट पार्टी आजको आवश्यकता हो । अहिले नेपाललाई न जडसूत्रीय कम्युनिस्ट चाहिएको हो, न त उग्रवाद नै । अहिले न माओवाद बोकेर हिंड्ने कम्युनिस्ट चाहिएको हो न जबज बोकेर हिंड्ने ।

जनताका तत्कालीन एजेन्डा बोक्ने प्रगतिशील समाजवादको बाटोमा हिंड्ने एउटै कम्युनिस्ट पार्टी अहिलेको आवश्यकता हो । जसले समावेशी–समानुपातिकको मुद्दा नछोडोस् । भौगोलिक र जातीय विविधताको मुद्दा बोकोस् । किसान, मजदुरका मुद्दा उठाओस् । समाजमा रहेका सम्पूर्ण असमानताका विरुद्ध उभियोस् । राजनीतिक स्थायित्व र समृद्धिबाट मात्रै यो संकटको निकास निस्कन सक्छ ।

यतिबेला पश्चगामी राज–नीतिक शक्तिहरूले यो लोकतान्त्रिक व्यवस्थाको विकल्प खोजिरहेका छन् । तर लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो ।

हामीले बुझ्नुपर्ने कुरा के छ भने जनतालाई अधिकार सम्पन्न बनाए मात्रै लोकतन्त्र बलियो बन्छ । त्यसका लागि शासकीय स्वरूपमा परिवर्तन आवश्यक छ । त्यो शासकीय स्वरूपको परिवर्तनका लागि चुस्तदुरुस्त स्थानीय सरकार, अधिकार सम्पन्न प्रदेश सरकार चाहिन्छ । यो नै संघीयताको बलियो आधार हो ।

राजनीतिक अस्थिरताको अर्को कारण अहिलेको निर्वाचन प्रणाली पनि हो । यो निर्वाचन प्रणालीबाट बलियो र स्थायी सरकार बन्न नसकेको हामीले गणतन्त्र प्राप्तिपछिका कालखण्डमा देखेका नै छौं ।

यही निर्वाचन प्रणाली अपनाएर अहिलेको राजनीतिक गोलचक्करबाट बाहिर निस्कन सम्भव देखिन्न । तसर्थ जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति आजको आवश्यकता हो । प्रत्यक्ष कार्यकारी राष्ट्रपतीय निर्वाचन प्रणालीले मात्रै पाँच वर्षका लागि बलियो सरकार जनताले प्राप्त गर्न सक्छन् ।

संसद् नीतिगत छलफल र बहस गर्ने थलो हो । नीति निर्माण गर्ने थलो हो । त्यसलाई त्यही भूमिकामा राखेर थप बलियो बनाउनुपर्ने आजको आवश्यकता हो । यसो गर्दा राष्ट्रपति निरंकुश हुनसक्छन् भन्ने प्रश्न उठन सक्छ । तर त्यसलाई अंकुश लगाउन संसद्को दुईतिहाइ मतले महाअभियोग लगाउन सकिने कानुनी व्यवस्था गरेर जान सकिन्छ । यसका लागि कम्युनिस्टहरूको एकता भने जरूरी छ ।

जसरी २०४६ पछि अर्धसामन्ती, अर्ध औपनि– वेशिक अवस्थाको मुलुकलाई उक्त अवस्थाबाट मुक्त गरी जनवादी गणतन्त्र नेपाल स्थापना गर्ने उद्देश्य सहित संसद्को उपयोग गर्दै जनयुद्धको तयारी गर्न विचार मिल्ने चार कम्युनिस्ट पार्टीको बीचमा एकता गरिएको थियो । तर दशवर्षे जनयुद्धले सृजना गरेको नयाँ परिस्थितिमा सात राजनैतिक दलसँग सम्झौता गरी संविधान सभा मार्फत संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न २०६२/६३ को जनआन्दोलन सृजना गरिएको थियो ।

गणतन्त्र प्राप्तिको यो १७ वर्षले पनि एउटा नयाँ परिस्थितिको सृजना गरेको छ । विकास र समृद्धिको नेपाली महत्वाकांक्षा पूरा गर्न मुलुकलाई एउटा समाजवादी कम्युनिस्ट पार्टीको आवश्य-कता छ जुन कुरा कम्युनिस्ट पार्टीहरूका बीचको एकता बाट मात्रै पूरा हुनसक्छ । समाज वादी चाहना पूरा गर्न स्थायित्व र त्यसका निम्ति प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र यसको निम्ति एकीकृत कम्युनिस्ट पार्टी आजको आवश्यकता हो । ( बस्नेत माओवादी केन्द्रको प्रदेश कमिटी सचिवालय सदस्य हुन् ।) अनलाईन खबरबाट

# २४ स्थानमा साक्षरता गोष्ठी

विराटनगर । जीवन विकास लघुवित्त वित्तीय संस्थाले २४ स्थानमा केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ ।

'ग्लोबल मनी वीक सन् २०२४' को अवसर पारेर लघुवित्तले चैत ५ देखि चैत ११ गतेसम्म २४ स्थानमा लघुवित्तको केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको हो ।

लघुवित्तले चैत ५ गते झापाको पथरिया, तेह्रथुमको बसन्तपुर, सिरहाको कर्जन्हा, सप्तरीको बोदेवर्साइनमा केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम गरेको थियो ।

चैत ६ गते झापाको पृथ्वीनगर संखुवासभाको चैनपुर, सिरहाको कल्याणपुर र सप्तरीको छिन्नमस्तामा कार्यक्रम आयोजना गरेको थियो । चैत ७ गते इलामको दानावारी, तेह्रथुमको म्याङलुङ, सिरहाको सुखीपुरमा पर्ने दहीपौडी बजार, सप्तरीको हनुमाननगरमा केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको थियो ।

चैत ८ गते झापाको सुरुङ्गा, धनकुटाको धनकुटा बजार, मोरङको बेलबारी र उर्लाबारीमा कार्यक्रम आयोजना गरेको थियो । चैत ९ गते झापाको शिवगञ्ज, धनकुटाको राजारानी, सुनसरीको अमाहीबेल्हा र लौकहीमा कार्यक्रम आयोजना गरेको हो ।

चैत १० गते मोरङको केराबारी, धनकुटाको बुधबारे, मोरङको अमरदह र रामचोकमा केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको लघुवित्तको प्रवक्ता सुदिपकुमार मण्डलले जानकारी दिए ।

कार्यक्रम आयोजना गरेका २४ वटा शाखाले आफ्नो शाखाका उत्कृष्ट ३ जनाका दरले ७२ जना सफल उद्यमी, ७२ जना उत्कृष्ट बचतकर्ता र ७२ जना उत्कृष्ट ऋणीलाई लघुवित्तले पुरस्कृत गरेको थियो ।

२४ शाखाका ७२ जना ह्यूमन एटिएम (अधिकृत टेलर सदस्य) र हरेक शाखा अन्तरगतका उत्कृष्ट ५ वटा केन्द्र(समूह)का दरले १२० वटा लघुवित्तको केन्द्रलाई पनि पुरस्कृत गरेको थियो ।

२४ वटा शाखाले पाँच जनाका दरले १२० जना विपन्न समुदायका बाल बालिकालाई 'एडप्ट' गर्दै एक वर्षका लागि शैक्षिक सामग्री प्रदान गरेको थियो ।

केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमका लागि प्रमुख कार्यकारी अधिकृत संजय कुमार मण्डल, नायव प्रमुख कार्यकारी अधिकृत दामोदर रेग्मी, आइएसडी विभाग प्रमुख विजयकुमार मण्डल र मानव संसाधन विभाग प्रमुख सुदिपकुमार मण्डलको नेतृत्वमा छुट्टा-छुट्टै टोली खटिएको थियो ।

'प्रोटेक्ट योर मनी, सेक्योर फ्यूचर' भन्ने नाराका साथ आयोजित कार्यक्रममा लघुवित्तका सदस्यलाई संस्थाको तालिम विभाग प्रमुख रञ्जना निरौला, लेखा विभाग प्रमुख अंजयकुमार मण्डल, लघुवित्त विभाग प्रमुख मनोजकुमार साह र आइटी विभाग प्रमुख रमेश रायले वित्तीय साक्षरता सम्बन्धी तालिम दिएका थिए ।

कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरु सम्बन्धित( कार्यक्रम आयोजना गरिएको) वडाका वडा अध्यक्ष, पालिका प्रमुख,उपप्रमुख, प्रदेश सांसद तथा प्रतिनिधीसभा सांसदको पनि उपस्थीति रहेको थियो ।

लघुवित्त सदस्यलाई वित्तीय ज्ञान अभिवृद्धि गर्ने उदेश्यले ग्लोबल मनी वीक २४ स्थानमा लघुवित्तको केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम गरिएको लघुवित्तको प्रमुख कार्यकारी अधिकृत संजयकुमार मण्डलले बताए । कार्यक्रमले लघुवित्तको ऋण सहयोगमा काम गरिरहेका सदस्यहरुलाई उत्साह मिलेको उनले बताए । 'कार्यक्रमले लघुवित्त र सदस्यबीचको सम्बन्ध थप मजबुत बनाएको छ,' उनले भने,' उद्यम गरिरहेका सदस्य र संस्थाका कर्मचारीलाई काम गर्ने थप उत्साह मिलेको छ ।' कार्यक्रममा सहभागि सदस्यलाई लघुवित्तले घरआँगनमा तरकारी खेती अभियान अन्तगत उन्नत जातका विभिन्न तरकारीका बिउ पनि वितरण गरेको थियो । लघुवित्तका अन्य शाखाले पनि ग्लोबल मनी ह्वीकमा विभिन्न कार्यक्रम आयोजना गरेका थिए ।

जीवन विकास लघुवित्तले २४ जिल्लामा १६० शाखा कार्यालय मार्फत २४ जिल्लामा तीन लाख २४ हजार ५ सय ७२ सदस्यसँग वित्तीय सेवा पुर्याइरहेको छ । लघुवित्तले सदस्यका लागि २६ अर्ब ६६ करोड, ८१ लाख,२८ हजार ६ सय १५ रुपैयाँ ऋण लगानी गरेको छ ।